पाणिनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## दुर्गाफाँट, अर्घाखाँची

५ नं. प्रदेश, नेपाल

## बहुउद्देश्यीय हल निर्माण सम्बन्धि बोलपत्र आव्हानको सूचना

*प्रथम पटक सूचना प्रकाशित मितिः २०७५/०७/१४*

यस पाणिनी गाँउपालिकाको लागि पाणिनी ३ दुर्गाफाँटको गुफा मुनिको कित्ता नं. ७ मा बहुउद्देश्यीय हल निर्माण गर्नु पर्ने भएकोले देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि इच्छुक र इजाजत प्राप्त फर्म/ कम्पनी/ संस्थाले रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित फर्म वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक/ नविकरण गरेको व्यवसायदर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक / नविकरण गरेको फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्र, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बरको प्रमाणित प्रमाणपत्र, कर चुक्ता गरेको प्रमाणित पत्र, फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी, नियमानुसार को वोलपत्र दस्तुर रु.३०००।-(पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फाराम मिति २०७५।८।१३ गते सम्म कार्यालय समय भित्र यस कार्यालयबाट उपलब्ध गराइने छ।

२. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि ३१ औं दिन मिति २०७५।८।१४ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ।

३. बोलपत्र फाराम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा जनता वैक, पोखराथोक शाखामा रहेको धरौटी खाता नं. ०५६००९०५१७००५०९ मा दाखिला गरेको सक्कलभौचर वा यस कार्यालयको नाममा नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) बिडबण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति भन्दा पछिको लाई मात्र मान्यता दिइनेछ।

४. दर्ता हुन आएका सिलबन्दी बोलपत्रफारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिन मिति २०७५।८।१४ गते दिनको १:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछन्।

५. कारण जनाई वा नजनाई प्राप्तबोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्रउपर कुनै कारवाही गरिने छैन। वोलपत्रमा प्रत्येक आईटमको दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिइनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुने छन् तथा अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य कार्यविधिहरु अनुसार हुनेछन्।

६. बोलपत्र दाताले यस गाउपालिका लाई बुझाउनुपर्ने सबै किसिमको कर बुझाएको हुनुपर्ने छ।

७. यस सूचनामा उल्लेख भएका विषयको हकमा सोही अनुसार र छुट हुन गएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुने छ।

८. ठेकेदार र कार्यालयको बीचमा कुनै किसिमको विवाद पर्न गएमा पाणिनी गाउ पालिकाको निर्णय अन्तिम हुनेछ।

९. गाउ पालिकाको स्वीकृति वेगर ठेकदारले ठेक्का छाड्न पाउने छैन। तर ठेक्का शर्त अनुसार ठेकदारले पालन गर्नुपर्ने शर्तहरु पालना नगरेमा गाउ पलिकाले ठेक्का तोडी अर्को ब्यवस्था गर्न सक्नेछ। यसरी ठेक्का तोड्दा भएको हानी नोक्सानी र हर्जाना समेत सम्बन्धित ठेकेदारले ब्यहोर्नु पर्नेछ।

१०. ठेक्का स्वीकृत भई सम्झौता भए पश्चात् ठेकेदारले सम्बन्धित क्षेत्रमा ठेक्का शीर्षक र सम्झौता रकम सहितको होर्डिङ बोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ।

११. प्राप्त बोलपत्रफाराम आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. यस सम्बन्धी थप सूचना जारी गर्नु परेमा यस कार्यालयको सूचना पार्टीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचना पनि यसै सूचनाको अङ्गमानिने छ।

१३. प्रकाशित सूचना बमोजिम कुनै बिषय फरक पर्न गएमा सो को अन्तिम निर्णय गर्ने अधिकार गाउपालिकामा निहित हुनेछ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ।

**तपशिल**

| बोलपत्र/ठेक्का नं | कामको बिवरण | ओभरहेड १०% सहित लागत अनुमान (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| PRM/ARG/C/01/075/076 | बहुउद्देश्यीय हल निर्माण | ७४३०४००।७२ | ३०००।- | १९००००।- | |

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner